# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बोंगादोभान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

---

### तहवृद्धीको लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

सूचना नं. ०६ (०८०/०८१)

प्रथम पटक प्रकाशन मितिः २०८०/०९/१६

स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन, २०७९ को दफा २७ बमोजिम तमानखोला गाउँपालिकामा कार्यरत कर्मचारीको तह वृद्धी गर्ने सम्बन्धमा तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक कर्मचारीहरुले यो सुचना प्रकाशन भएको मितिले पौष मसान्त भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**१. आवेदन दिन मिल्ने कर्मचारीको विवरण**

(क) "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" को दफा दफा २७ बमोजिम तहवृद्धी हुन योग्य कर्मचारी।

(ख) "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" को दफा ३१ बमोजिम तहवृद्धीको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको कर्मचारी।

**२. आवश्यक कागजपत्रहरु**

(क) आवेदन फाराम साथ तहवृद्धी हुने पद भन्दा एक तह मुनिको पद या श्रेणीमा भएको स्थायी नियुक्तिपत्रको प्रतिलिपी, समायोजन भएका कर्मचारीको हकमा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम गण्डकी प्रदेश स्थित स्थानीय तहमा समायोजन भएको समायोजन पत्रको प्रतिलिपी र "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" को दफा ३१ वमोजिम नकरात्मक सूचिमा नपरेको भनि उम्मेदवार स्वयमले गरेको स्वः घोषणा।

(ख) स्वास्थ्य सेवा तर्फका कर्मचारीको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली २०५५, बमोजिमको सेवा, शर्त र अवधि पुरा भएको हुनु पर्ने र सोही बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न भएको हुनुपर्ने।

नोटः तमानखोला गाउँपालिकाको कार्यालय, बागलुङको प्रशासन शाखाबाट लिन सकिनेछ।

.......................

ईश्वरलाल शाक्य

प्रमुख प्रशासकीय अधिकृत

---

Email: ito.tamankholamun@gmail.com Website: www.tamankholamun.gov.np Phone: 9857671111